ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ७, अंक १
१६ भदौ २०८० शनिबार
2 Sep. 2023, Saturday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## प्रकाशकीय :

### ‘खबर दर्पण’ ७ औं वर्षमा प्रवेश

‘खबर दर्पण’ ७ औं वर्षमा प्रवेश गरेको छ । पत्र-पत्रिकाको रुपमा ६ वर्ष अघि बामे सर्दै अघि बढेको सातौं बसन्तमा पाइला टेक्न आइपुगेको छ । यस यात्रामा निरन्तर साथ र सहयोगका लागि हामी आदरणीय पाठक, वितरक, विज्ञापनदाता र शुभेच्छुकहरूप्रति आभार प्रकट गर्दछौँ । सूचना-प्रविधिको विकाससँगै सामाजिक सञ्जालको उछाललले छापा पत्रकारिताको विस्तारमा पक्कै चुनौती थपेको छ । तर, सत्य र झुट तथा सत्य र भ्रमको सीमा पनि एकदमै साँघुरिएको छ । समाचारको प्रामाणिकता र प्रशोधनका लागि अहिले पनि छापा पत्रकारिताको विकल्प तयार भइसकेको छैन ।

यो प्रकाशनले सातौं वर्ष टेक्दै गर्दा हामी सञ्चार अनुभव, दायित्व र कर्तव्यप्रति अझै निख्खर र सचेत बन्दै आइरहेका छौं भन्न पाउँदा हामीलाई गर्व लागेको छ। पत्रकारिताले सधैंभर जिम्मेवारीबोध र परिपक्वताको सवालमा खरो उत्रिनुपर्छ नै।

हामीबाट कुनै मानवीय कमजोरी भएकै छैनन् भन्न त सक्दैनौँ तर, नियतवश बाटो बिराएका छैनौँ भनेर दाबी गर्न चाहिँ सक्छौँ। यो दाबीको एउटै आधार हामीप्रति शुभेच्छा राख्ने र कमजोरी औंल्याइदिने पाठकहरूको प्रतिक्रिया नै हो।

हामीले हाम्रो सामग्री प्रकाशनको दायरा अझै फराकिलो बनाउँदै लाने प्रयत्नरत रहेको सबैलाई जानकारी गराउन चाहन्छौं ।

अन्तमा पुन: विभिन्न आरोह अवरोह पार गर्दै यहाँसम्मको यात्रा तय गर्न निरन्तर सहयोग गर्नुहुने हाम्रा पाठक, लेखक, विज्ञापनदाता, विज्ञापन एजेन्सी, सबै सहयोगी एवं शुभेच्छुक महानुभावहरुलाई सहृदय धन्यवाद व्यक्त गर्न चाहन्छु ।

## बन्द हुने अवस्थामा जयनगर-जनकपुर-भंगहा रेल




**खबर दर्पण समाचारदाता**

**भदौं १५ गते, महेन्द्रनगर**

तेल किन्न समस्या भएपछि भंगहा-जनकपुर-जयनगर रेल्वे सेवा बन्द हुने अवस्थामा पुगेको छ । नेपाल रेल्वे कम्पनी महाप्रबन्धकबिहीन भएपछि रेललाई तेल किन्न समस्या भएको हो । यसले रेल सेवा बन्द हुने अवस्थामा पुगेको कार्यालय स्रोतले जनाएको छ ।

भदौ २०७८ मा संघीय समाजवादीको कोटामा महाप्रबन्धक नियुक्त भएका निरञ्जन झा भदौ २ गते पदावधि सकिएको थियो । त्यस यता रेलमा हालिँदै आएको डिजेलको रकमको भुक्तानी रोकिएको छ । महाप्रबन्धकलाई मात्रै आर्थिक अधिकार हुने भन्दै रेलमा तेल हालेको पैसा दिन कम्पनीले मानेको छैन ।

जनपुरको भी आयल स्टोरले बक्यौता भुक्तानी नभए १६ भदौ (भोलि)देखि तेल नदिने भन्दै पत्राचार गरेको छ । कम्पनीले सोही पम्पबाट रेलका लागि तेल खरिद गर्दै आएको छ ।

कम्पनीका अधिकारीहरुले अन्य कर्मचारीलाई आर्थिक दायित्व भुक्तानीको अधिकार नभएको भन्दै भुक्तनी दिन नसकिने बताइरहेका छन् ।

भी आयल स्टोरले गत ६ भदौमा २० लाख ९५ हजार ६४१ रुपैयाँ भुक्तानी नभएको १५ भदौसम्ममा भुक्तानी नभए इन्धन उपलब्ध नगराउने जानकारीसहित पत्र लेखेको थियो । त्यसअनुसार भोलिदेखि सेवा रोकिने जोखिम देखिएको स्रोतको दाबी छ ।

उनको पदावधि सकिएलगत्तै अर्का महाप्रबन्धक नियुक्त गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले चासो नदिँदा रेल्वे कम्पनीको दैनिक कामकाज प्रभावित भएको छ ।

पम्पले दिएको चेतावनीबारे कम्पनीका कर्मचारीले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई जानकारी पनि दिएका थिए । तर, मन्त्रालयका अधिकारीहरुले चासो नै नदिएकाले भोलिदेखि रेलसेवा बन्द हुने अवस्था आएको अधिकारीहरुको दावी छ ।

कम्पनी मन्त्रालय मातहत भएकाले छिटो महाप्रबन्धक नियुक्त गर्ने र कम्पनीको दैनिक कार्यसम्पादनमा परेका गाँठो फुकाउने अधिकार मन्त्रालयसँगै छ ।

तर, मन्त्रालयले पटक्कै चासो नदिएपछि कम्पनीका कर्मचारीले भोलिदेखि रेल सेवा बन्द गर्नुको विकल्प नदेखिएको बताएका छन् ।

## आधा घण्टा को वर्षाले जलेश्वर जलमग्न



**खबर दर्पण समाचारदाता**

**भदौं १५ गते, महोत्तरी**

आधा घण्टा लगातार मुसलाधारे पानी परेपछि महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर जलमग्न भएको छ ।

आज करिब १०:३० बजेदेखि ११ बजेसम्म परेको भारी वर्षाका कारण जलेश्वरभर पानी पानी भएको छ भने वर्षाका कारण जलेश्वरको सबै सडक पनि डुबेको छ ।तीव्र गति र ठूलो ठूलो थोपासहित परेको पानीले यहाँका जिल्ला अदालत, जिल्ला प्रहरी, कारागार, जिल्ला प्रशासन, मालपोत र जलेश्वर नगरपालिकाको कार्यालयमा जाने सम्पूर्ण बाटो डुबानमा परेका छन् भने कतिपय कार्यालयको परिसरमा पानी जमेको छ। पानीका कारण बाटोमा सवारी साधन गुडाउन समस्या भएपछि कार्यालयमा कामकाजका लागि आउजाउ गर्ने सेवाग्राहीसमेत मारमा परेका छन् । लामो समयदेखि पानी नपरेका कारण नगरभित्रको सम्पूर्ण ढल जाम भएर जलेश्वर अहिले जलमग्न भएको हो। पानीको निकासका लागि विभिन्न स्थानमा स्काभेटर तथा डोजर लगाइएको छ ।

## सर्लाहीका चार स्थानीय तहले अझै ल्याएनन् बजेट

**सर्लाही।**सर्लाहीका चार स्थानीय तहले आर्थिक वर्ष २०८०/८१ को बजेट अझै सार्वजनिक गर्न सकेका छैनन् ।जिल्लाका २० स्थानीय तहमध्ये हरिपूर्वा र हरिवन नगरपालिका तथा चन्द्रनगर र बसरबरिया गाउँपालिकाले बजेट ल्याउन नसकेका हुन ।

ती स्थानीय तहमा जनप्रतिनिधिबीचको आपसी द्वन्द्वका कारण नयाँ बजेट आउन नसकेको जनाइएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिकाले हरेक वर्ष असार १० गतेभित्र आर्थिक वर्षको र ाजस्व र व्यायको अनुमान गाउँ वा नगरसभामा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ ।

हरिपूर्वा नगरपालिकामा तालाबन्दी रहेका कारण बजेट ल्याउन नसकिएको नगर प्रमुख विनोद साहले जानकारी दिए । चन्द्रनगर र बसबरिया गाउँपालिकामा बहुमत कार्यपालिका सदस्य आन्दोलनमा रहेका कारण बजेट आउन नसकेको हो भने हरिवन नगरपालिकामा पनि आपसी सहमति जुट्न नसक्दा नयाँ बजेट सार्वजनिक नभएको बताइएको छ ।

Janaki Academic Hospital Pvt. Ltd. Estd 2020 JAH Ramgopalpur-9, Mahottari Service to Save Life

# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# 'खबर दर्पण' को खबर खोज्ने अभियान जारी

आजबाट हामी ६ वर्ष पूरा गरी ७ औं वर्षमा प्रवेश गरेका छौं । खबर दर्पण दैनिकको वार्षिकोत्सवका अवसरमा म सम्पूर्ण पाठक, शुभेच्छुक र सहयोगीहरूमा हृदयदेखि नै शुभेच्छा प्रकट गर्न चाहन्छु ।

खबर दर्पणको यहाँ सम्मको यात्रामा अनेक संकट, समस्या र सफलतासँग साक्षात्कार गर्दै हामी यहाँसम्म आइपुगेका हौं । चुनौतीलाई कुशलतापूर्वक छिचोल्दै अगाडि बढ्नु नै हाम्रो नियतिजस्तो बनेको छ । निर्भीक पत्रकारितामा कुनै सम्झौता नगर्ने ऊर्जा पनि सायद यसैले दिएको हो ।

हामी लोकतन्त्र र प्रेस स्वतन्त्रतामा विश्वास गर्छौं । नेपालको संविधान, २०७२ ले अंगीकार गरेका मान्यतालाई आत्मसात् गर्दै राष्ट्रियता, लोकतन्त्र, संघीयतासहितको बहुलवाद र मानव अधिकार हाम्रा आदर्श हुन् । संविधानले परिलक्ष्यित गरेका मार्गनिर्देशक सिद्धान्तहरूलाई जनताको जीवनमा व्यावहारिक रूपमै रूपान्तरण गर्न हाम्रो प्रयास केन्द्रित गरेका छौं । राज्यका निकायहरू, राज्य सञ्चालकहरू, कर्मचारीतन्त्रलाई जवाफदेही र उत्तरदायी बनाउन प्रयासरत रहेकाछौँ । आमनागरिकले प्राप्त गर्नुपर्ने सेवा प्रवाहमा देखिएका र भइरहेका जटिलतालाई चिर्दै राज्य संयन्त्रलाई जवाफदेही बनाउनेमा हाम्रो ध्यान केन्द्रित रहेको छ।

हाम्रा प्रकाशनले सुरुआती दिनदेखि नै विकृति-विसंगतिविरुद्ध आफूलाई उभ्याउँदै आएका छन्।

लोकतन्त्रमा प्रेसको भूमिका कति महत्वपूर्ण हुन्छ भन्ने कुरा हामीले दोहो-याइरहनुपर्दैन। लोकतन्त्रलाई बलियो बनाउन नागरिकलाई जानकार बनाउनै पर्छ। जानकार नागरिक लोकतन्त्रका असली पहरेदार हुन्। हामी नागरिकलाई सूचनाबाट सुसज्जित तुल्याउँदै लोकतन्त्रलाई भरथेग गर्नसक्ने बनाउन प्रतिबद्ध छौं।

हाम्रो यस अभियानलाई सफल पार्न हाम्रो सबैभन्दा ठूलो प्रेरणाको स्रोत तपाईं आमपाठक हुनुहुन्छ । यसका साथै यहाँहरू समाचारदाता, विचारदाता, सुझावदाता एवं विज्ञापनदाताका रूपमा यात्रामा हामीलाई यसरी नै आगामी दिनहरुमा पनि प्रेरित गरिरहनुहुनेछ भन्नेमा विश्वस्त छौँ । खबर दर्पण यहाँहरूको अन्तरक्रियात्मक, आलोचनात्मक, रचनात्मक सल्लाह-सुझाव सधैँ अपेक्षित रहनेछ।

# चीनले 'चुच्चे नक्सा'लाई मान्यता नदिनुमा नेपालकै 'गल्ती'

दिलिप प्रकाश कार्की

काठमाडौं- चीनले सोमबार जारी गरेको नयाँ नक्सामा नेपालको 'चुच्चे नक्सा'लाई मान्यता दिएन। चीनको प्राकृतिक स्रोत मन्त्रालयले जारी गरेको नयाँ मापदण्डसहितको नक्सामा नेपालको बुच्रुचे नक्सा नै छ।

नेपालले २०७७ मा भारतले कब्जा गरेको आफ्नो भूमि लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई समेटेर नयाँ चुच्चे नक्सा जारी गरेको थियो। उक्त नक्सा जारी गरेपछि भारतले असन्तुष्टि जनाएको थियो। भारतले उक्त नक्सा स्वीकार गरेको छैन।

नेपालले लिपुलेक, लिम्पियाधुरा र कालापानी समेट्दै नयाँ नक्सा जारी गर्दै संविधान संशोधन गरेको भए पनि अन्तर्राष्ट्रिय समुदायले भने नेपालको पुरानै नक्सालाई मान्यता दिँदै आएका छन्। यसमा अन्तर्राष्ट्रिय समुदाय भन्दा पनि नेपालकै गल्ती-कमजोरी रहेको देखिन्छ।

राष्ट्रिय स्वाधिनता र भौगोलिक अखण्डताको पक्षमा नेपालका दलहरु एकमत भए र लिपुलेक, लिम्पियाधुरा र कालापानी सहितको नयाँ नक्सा जारी भएको थियो। तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले नयाँ नक्सा जारी गऱ्यो र तत्कालीन संघीय संसद्ले उक्त नक्सा सर्वसम्मतिले पारित गर्दै संविधान संशोधन गऱ्यो। नेपालले संविधान संशोधन गर्दै लामो समयदेखि भारतीय कब्जामा रहेको भूमि समेट्दै नक्सा जारी गरेपछि भारत आक्रोशित बन्रुयो।

**भारतको दबाबमा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी नै दिइएन**

नेपालले संविधान संशोधन गर्दै नयाँ चुच्चे नक्सा जारी गरेपछि उक्त नक्सालाई नेपालका विदेशस्थित नियोग, संयुक्त राष्ट्रसंघसहित अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउनुपर्थ्यो। सीमाविद् बुद्धिनारायण श्रेष्ठले चीनसहित अन्तर्राष्ट्रिय समुदायलाई नेपालले नयाँ चुच्चे नक्सा जारी गरेर संविधानमा संशोधनसमेत गरेपछि विधिवत् रुपमा जानकारी गराउनुपर्ने भए पनि हालको घटना हेर्दा त्यसो नभएको बताए। उनले भने, 'चीनले जहिले पनि नेपाल र भारतको भूमि विवादलाई लिएर दुई मुलुकबीच मिलाउनुपर्छ भन्दै आएको थियो। तर अहिलेचाहिँ नेपाललाई बेवास्ता गरिएको जस्तो देखियो।'

यसका लागि सरकारले पहल पनि थालेको थियो। यद्यपि ओलीको निर्देशनपछि भने सबै पक्रिया स्थगित भएको पाइएको छ। जसको परिणाम अन्तर्राष्ट्रिय समुदायले नेपालको नयाँ नक्सालाई मान्यता दिएका छैनन्।

तत्कालीन भूमि व्यवस्थामन्त्री पद्मा अर्यालले २०७७ साउन १६ मा भनेकी थिइन्, 'कालपानी, लिपुलेक तथा लिम्पियाधुरासहितका भूभाग समेटी अद्यावधिक नयाँ नक्सा भारतलगायत सबै मित्रराष्ट्रलाई पठाउने तयारी गरेका छौं। गुगल र संयुक्त राष्ट्रसंघलाई पनि अद्यावधिक नयाँ नक्सा पठाउनेछौं।' नेपाली भाषामा तयार गरिएको नक्सालाई अंग्रेजी भाषामा रूपान्तरण गर्ने काम भइरहेकोले साउनभित्रै अद्यावधिक नक्सा अन्तर्राष्ट्रिय जगतलाई पठाउने तयारी भएको उनले बताएकी थिइन्।

नापी विभागका तत्कालीन सूचना अधिकारी दामोदर ढकालले अंग्रेजी भाषामा करिब चार हजार प्रति नक्सा छापिएको बताए। विभागका उपमहानिर्देशकको संयोजकत्वमा गठित नापनक्सा जाँच प्राविधिक उपसमितिबाट अंग्रेजी भाषाबाट नयाँ नक्सा छाप्ने प्रक्रिया अघि बढाइएको थियो।

यससँगै मन्त्रालयले अतिक्रमित कालापानी, लिपुलेक तथा लिम्पियाधुरा क्षेत्रलाई समेटेर पुस्तक निकाल्ने तयारी थालेको थियो। तत्कालीन मन्त्री अर्यालले भनेकी थिइन्, 'पहिले हामी अंग्रेजी भाषामा नक्सा छापेर अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउँछौं र त्यसपछि किताबमा नयाँ नक्सा छापेर वितरण गर्छौं।'

नेपालले भारतीय कब्जामा रहेको भूमि समेट्दै जारी गरेको नयाँ नक्सा अन्तर्राष्ट्रिय समुदायलाई पठाउने तयारी गरेको भए पनि भारतले असन्तुष्टि व्यक्त गरेपछि उक्त प्रक्रिया त्यस समयमा रोकिएको थियो। परराष्ट्र मन्त्रालयका एक अधिकारीका अनुसार त्यतिबेला भूमि व्यवस्था मन्त्रालयले नयाँ नक्साबारे अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउनका लागि पत्र पठाउने बताए पनि मन्त्रालयमा भने पत्र पुगेन।

तत्कालीन प्रधानमन्त्री ओलीको निर्देशनमा नेपालको नयाँ नक्साबारे अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउने सरकारको योजना स्थगित गरिएको थियो। यसबारे अन्तर्राष्ट्रिय समुदायलाई औपचारिक पत्राचार नभएका कारण उनीहरुले नेपालको पुरानै नक्सा प्रयोग गर्दै आएका छन्।

तत्कालीन प्रधानमन्त्री ओलीले नयाँ नक्साबारे अन्तर्राष्ट्रिय समुदायलाई पत्राचार नगर्न निर्देशन दिएको कुरा भने बाहिर आएन। त्यस समय भूमिमन्त्री र परराष्ट्रमन्त्री दुवै उनकै पार्टीका नेताहरु पद्मा अर्याल र प्रदीप ज्ञवाली दिए। नयाँ नक्सा छापिएको पुस्तक वितरण नगर्न दिएको निर्देशनबारे तत्कालीन शिक्षामन्त्री गिरिराजमणि पोखरेलले सार्वजनिक गरेका थिए।

शिक्षा मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले कक्षा नौदेखि १२ सम्मका विद्यार्थीका लागि नयाँ नक्सा छापिएको पुस्तक वितरण गर्ने तयारी गरे पनि तत्कालीन प्रधानमन्त्री ओलीको निर्देशनपछि उक्त पुस्तक वितरणमा रोक लगाइएको तत्कालीन शिक्षामन्त्री पोखरेलले बताएका थिए। उनले भनेका थिए, 'किताब वितरण रोक्नुस् भनेर प्रधानमन्त्रीले मन्त्रिपरिषद्रुमै भन्नुभयो। अब परराष्ट्र, भूमि व्यवस्था मन्त्रालयसँग छलफल गर्छौं। अन्तरमन्त्रालय छलफल गरेर स्पष्ट पार्छौं।'

त्यस समयमा तत्कालीन प्रधानमन्त्रीले नयाँ चुच्रुचे नक्साबारे अन्तर्राष्ट्रिय समुदायलाई जानकारी नगराउने गल्ती गरेकै कारण चीनले नेपालको भूमिबारे बेखबर रहेको संकेत गर्दै पुरानो 'बुच्चरुे नक्सा'लाई आधार बनाएर आफ्नो नयाँ मापदण्डसहितको नक्सा जारी गरेको देखिन्छ। ओलीले यसलाई ढाकछोप गर्दै जनतालाई भ्रमित पार्ने र अन्तर्राष्ट्रिय समुदायलाई जानकारी नगराउने निर्देशन दिए पनि त्यसपछि बनेका सरकारहरुले भने यसलाई अघि बढाउन चाहेनन्।

ओलीपछि प्रधानमन्त्री बनेका शेर बहादुर देउवा र हालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पनि नेपालको नयाँ चुच्चे नक्साबारे अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराएका छैनन्। परिणामस्वरुप अन्तर्राष्ट्रिय समुदायले नेपालको पुरानै नक्सालाई मान्यता दिइरहेका छन्। गुगलले पनि गुगल म्यापमा नेपालको चुच्चे नक्सालाई स्पष्ट देखाएको छैन। डटमार्फत उक्त क्षेत्र विवादित भएको गुगल म्यापमा देखाइएको छ।

**चीनसँग कुरा गर्छौं: सरकार**

हालसम्म यसबारे बेखबर रहेको प्रचण्ड सरकार हाल चीनले नयाँ नक्सा जारी गरेपछि झस्किएको छ। आफ्नो चीन भ्रमणको पूर्वसन्ध्यामा जारी भएको नयाँ नक्साबारे चीनसँग कुरा गर्ने अधिकारीहरुले बताएका छन्। यसअघि प्रधानमन्त्री प्रचण्डको भ्रमणअघि भारतले नेपालको लुम्बिनीलगायतको क्षेत्र समेट्दै आफ्नो संसद् भवनमा मुरल राखेको थियो भने चीन भ्रमणअघि चीनले नेपालको नयाँ नक्सालाई मान्यता दिएको छैन।

सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारकी प्रवक्ता रेखा शर्माले चीनले हालै सार्वजनिक गरेको नक्साका सम्बन्धमा सरकारले कूटनीतिक माध्यमबाट कुरा गर्ने प्रतिक्रिया दिएकी छन्। उनले चीन सरकारसँग संवाद गरेर सरकारको धारणा सार्वजनिक गर्ने बताएकी हुन्।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९

विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सन्नी देओलले धेरै सम्पत्ति जोडे तर पैसा तिर्न बिर्से



लिउडका चर्चित फिल्ममेकर सुनिल दर्शनले सन्नी देओलमाथि २ करोड भारतीय रुपैयाँ ठगी गरेको आरोप लगाएका छन् ।

सुनिल विगत २७ वर्षदेखि यसका लागि मुद्दा लड्दै आएका छन् । सन् १९९६ को कुरा हो, सन्नी अन्तर्राष्ट्रिय फिल्म वितरण कम्पनी खोल्न चाहन्थे ।

यसका लागि उनलाई सुनिल दर्शनले सहयोग गरे । समय बित्दै गयो तर सन्नीले त्यो पैसा फिर्ता गरेनन् । सन्नीले आफ्ना लागि धेरै सम्पत्ति जोडेको तर अरूको पैसा तिर्न भने बिर्सिएको सुनिलले आरोप लगाए । सुनिल दर्शनले यस विषयमा दैनिक भास्करसँग कुराकानी गरेका छन् ।

**सन्नी वितरण कम्पनी खोल्न चाहन्थे**

घटना सुनाउँदै सुनिलले भने- सन् १९९६ मा जब फिल्म ‘अजय’ को सुटिङ सकिन लागेको थियो, सन्नी देओलले मलाई उनको जन्मदिनमा एउटा आग्रह गरे । त्यति बेला उनी अन्तर्राष्ट्रिय फिल्म वितरण कम्पनी खोल्ने चाहन्थे । उनले मसँग फिल्म ‘अजय’ का विदेश वितरण अधिकार मागे ।

‘उनले मलाई पूर्ण रूपमा भुक्तानी गर्ने आश्वासन दिए । फिल्म सकियो र केही दिनपछि सन्नीले पैसाको बन्दोबस्त गर्न आफू लन्डन जान लागेको बताए । पैसा पाउने बित्तिकै उनले मबाट फिल्मको प्रिन्ट किन्ने पनि बताए । उसले मसँग दर्ताका लागि केही कागजहरू मागे। मैले उनलाई विश्वास गरे र ती कागजातहरूमा हस्ताक्षर गरेँ,’ उनले भने ।

‘उनको मान्छे प्रिन्ट लिन आए तर भुक्तानी भने लिएर आएनन् । म छक्क परेँ । सन्नीले फोनमा कुरा गर्दै लन्डनमा क्रिसमसको छुट्टीका कारण बैङ्क बन्द भएकोले पैसाको बन्दोबस्त हुन नसकेको बताए । मैले उनीमाथि विश्वास गरेर प्रिन्ट दिएँ । त्यसपछि सन्नीको वास्तविक अनुहार देखिन सुरु भयो ।’

**सन्नीले व्यक्तिगत समस्या देखाएर पैसा दिन नसक्ने बताए**

सुनिलले थप भने, ‘मैले धेरै महिनासम्म सन्नीसँग पैसा मागिरहेँ । कहिले हैदराबाद र कहिले जयपुर बोलाउँथे । उनले मुम्बईको फिल्म सिटीमा आफ्नो एउटा फिल्मको सुटिङ गरिरहेका थिए । म हरेक दिन उनको सेटमा जान्थेँ तर उनी त्यहाँ पनि टाढै बस्थे । उनी जयपुर गए, उनले आफ्नो व्यक्तिगत समस्याको कारण पैसा तिर्न अस्वीकार गरे ।

त्यसपछि एक दिन उनले मसँग कुरा गरे । सन्नीले आफू एउटा फिल्मको सुटिङ गरिरहेको र निर्माणमा मेरो सहयोगको चाहिएको बताए । यो फिल्म सकिएपछि उनले मसँग एउटा फिल्ममा बनाउने र यसमा पैसा मिलान हुने बताए ।

मैले उनीसँग दुई वटा फिल्म गरेँ, त्यसैले यो कुरामा पनि मैले विश्वास गरेँ । ६ महिना बितिसक्दा पनि उनी फर्किएनन् । न फिल्म बन्यो न पैसा तिरे ।

**सन्नी पहिलो दिनदेखि नै पैसा फिर्ता गर्न चाहँदैनथे**

सुनिल दर्शनले करिब चार वर्षसम्म सन्नीको पछि दौडिरहेको बताए । यस क्रममा सन्नीका केही फिल्म फ्लप भए भने केही हिट पनि भए । सुनिलले भने- ममाथि गलत भइरहेको थियो, त्यसैले आफ्नो अधिकारका लागि अदालत गएँ ।

‘सन्नीले अदालतमा आफूसँग फिर्ता गर्ने पैसा नभएकाले मसँग फिल्म गर्ने कुरा गरे । तर, उसले मलाई फेरि मूर्ख बनाए । कहिले कथा परिवर्तनको माग गर्थे त कहिले व्यस्तताको बहाना बनाउँथे । समग्रमा, पहिलो दिनदेखि उनको मेरो पैसा फिर्ता गर्ने कुनै मनसाय थिएन ,’ उनले भने ।

२७ वर्षदेखि म मेरो पैसाको लागि अदालतको चक्कर लगाइरहेको छु सुनिल दर्शन भन्छन् - २७ वर्ष भइसक्यो, म अझै पनि पैसाको लागि अदालतको चक्कर लगाइरहेको छु । मैले धेरै प्रयास गरेँ यो मामिला सुल्झाउने तर यो मान्छेले अदालतको फैसला पनि मानिरहेका छैनन् । पैसा दिने उनको मनसाय छैन ।

‘हाम्रो स्थापित रकम एक करोड ७७ लाख २५ हजार भारतीय रुपैयाँ छ । सन्नी आफैँले धेरै सम्पत्ति कमाए तर मानिसहरूको पैसा फिर्ता दिन भने बिर्सिन्छन् । यद्यपि, मलाई कानुनमा विश्वास छ र आशा छ कि मैले मेरो पैसा पक्कै पाउनेछु ।’-एजेन्सी

# सन्तुलित भोजनले ५० प्रतिशत रोगबाट बचाउँछ



**काठमाडौँ-** नेपालमा खान नपाएर धेरै नागरिक कुपोषित छन् । साथै खाना खान नजानेर पनि कुपोषित भई विभिन्न रोगका सिकार बन्ने गरेको पोषणविद्हरू बताउँछन् । यस्तै खान नपाएर र भएको खानलाई मिलाएर खान नजानेर मृत्युको मुखमा पुग्ने गरेको परिवार कल्याण महाशाखा अन्तर्गत पोषण शाखाका पूर्वप्रमुख केदार पराजुली बताउँछन् । शारीरिक र मानसिक रूपमा स्वस्थ रहन ताजा र स्वस्थ आहार आवश्यक पर्छ । गर्मी मौसममा शरीरलाई स्वस्थ राख्न पनि सफा र सन्तुलित आहार आवश्यक पर्ने पूर्वप्रमुख पराजुलीको भनाइ छ ।

**बर्खायाममा खानपानमा कसरी ध्यान दिने ?**

जाडो होस् वा गर्मी सन्तुलित भोजन र सरसफाइमा विशेष ख्याल गर्नु पर्छ । खानामा सबै तत्त्वहरू पर्याप्त मात्रामा उपलब्ध हुनु पर्छ । यस याममा पसिना र पिसाबका माध्यमबाट पानीजन्य पदार्थ बढी जाने गर्छ । गर्मी मौसममा शरीरमा बाहिरी तापक्रम बढी हुने भएकाले खाने कुरा र पिउने पानीमा विशेष ध्यान दिनु पर्छ ।

**पानीको प्रयोग**

बर्खाको समयमा पानी धेरै पर्ने भएकाले पानीका मुहान सफा नहुन सक्छन् । त्यस्ता मुहानबाट हाम्रा धारामा आउने र बजारमा जारमा पाइने पिउने पानी सफा र शुद्ध नहुन सक्छन् । त्यसैले बर्खा याममा पिउने र सरसफाइमा प्रयोग गर्ने पानीको शुद्धतामा ध्यान पुर्‍याउनु पर्छ । पराजुलीका अनुसार पानी उमालेर मात्र पिउनु पर्छ । क्लोरिन राखेर शुद्ध बनाइएको पानीले मात्रै नुहाउन, भाँडा माझ्न सुझाव दिन्छन् पराजुली । ज्यादै गर्मी हुँदा पानीको सट्टामा चिसो भनेर फ्यान्टालगायत कोल्डड्रिंक्स पिउँदा स्वास्थ्यमा उल्टै असर पर्ने उनले बताए । कोल्डड्रिंक्स सट्टामा सादा, शुद्ध, फिल्टर गरी उमालेको पानीलाई चिसो वा हल्का तातो बनाएर पुदिना, कागती राखेर प्रशस्त मात्रामा पिउन उनको सुझाव छ ।

यसैगरी सुख्खा र सफा भाँडा पखालेर खाना पस्किने चलन धेरैको छ । यसरी भाँडा पखाल्नु नहुने पराजुलीको धारणा छ । उनी भन्छन्, ‘धोएर सुख्खा बनाएर राखिएका थाल, बोटुकालगायत भाँडा हामी पुनः पखाल्ने गर्छौं । यसरी पखाल्दा शुद्ध भाँडा झन् फोहोर हुन पुग्छन् । किनभने बर्खाको समयमा धाराको पानी शुद्ध छ भन्ने ग्यारेन्टी हुँदैन । त्यसैले धोएर राखिएको सुख्खा भाँडा फेरि सफा नगरौं ।’

**खानपानको सुरक्षा**


गर्मीको समयमा बासी खाना खानु हुँदैन । गर्मीमा झिँगा बढी फैलिन्छन् । त्यसैले पकाएको खाना केही समयपछि खाने भए पनि छोपेर राख्न पराजुली सुझाव दिन्छन् । खाना खुला राख्दा झिँगा, फ्ट्याङ्गा, कीराहरूले फोहोर गरिदिने भएकाले छोपेर राख्नु पर्छ । त्यसैगरी पकाएर लामो समयसम्म राख्नु हुँदैन, तुरुन्तै खानुपर्छ । तत्काल खान फुर्सद नभए छोपेर फ्रिजमा राख्नु पर्छ । अनि आफूलाई अनुकूल भएपछि तापक्रम मेन्टेन गरी खान सकिने उनको भनाइ छ। उनले भने, ‘फ्रिजमा राखेको खाने कुरा पुनः नताएर खानु पर्छ । खानालाई लामो समयसम्म राखेर त्यतिकै खान हुँदैन ।’

**फलफूल तथा तरकारी**

हामीले नियमित रूपमा खाने साग, तरकारी, फलफूलमा अत्यधिक मात्रा कीटनाशक औषधी प्रयोग भइरहेको समाचार प्रशस्त सुनका छौँ । यस्ता तरकारी तथा फलफूल राज्यले अनुगमन गरी कीटनाशक औषधीर हित भनेर जनतालाई सुसूचित गरी उपभोगको व्यवस्था मिलाइदिनुपर्ने उनको भनाइ छ । ‘फलफूल तथा तरकारी बजारमा आउनुभन्दा अगाडि कीटनाशक औषधी मात्रा छ वा छैन, कीटनाशक औषधी फलफूल तरकारीमा खानेयोग्य स्तारसम्मको छ छैन जनताले थाहा पाउनुपर्छ,’ पराजुलीले भने । विशेषगरी सहरी क्षेत्रमा विषादीयुक्त तरकारी र फलफूल खान बाध्य भएकाले क्यान्सर, मिर्गौला लगायत अन्य स्वास्थ्य समस्या उत्पन्न भएको पनि उनले जानकारी दिए ।

सागमा फाइबरको मात्रा बढी हुन्छ । यसले खाना पचाउन सहयोग गर्छ । सागसब्जी पकाउनुभन्दा अघि भिजाएर राखेर पकाउनु पर्छ । विषादीबाट जोगिने मुख्य उपाय भनेको तरकारी फलफूल किनेर ल्याउनेबित्तिकै नखान उनको सुझाव छ । फलफूलको बाहिरी भागमा किटनाशक औषधी राखिएको भए तत्काल खानु हुँदैन । त्यस्ता फलफूल खानुभन्दा २४ घण्टा अगाडि कागती पानीमा डुबाएर पखालेर खान पनि उनको आग्रह छ । फलफूलको बाहिरी तहमा भएको कीटनाशक औषधीलाई २४ घण्टासम्म पानी डुबाउँदा केही मात्रा हट्ने उनले बताए । यद्यपि बाहिरी सतहमा भएको कीटनाशक औषधि पानी भिजाउँदा हटे पनि भित्री भागमा बाँकी रहने सम्भावना भएकाले केही समय राखेर उपभोग गर्नु राम्रो हुने उनी बताउँछन् । -एजेन्सी

# चलचित्र ‘एक भगवत् गीता’को ट्रेलर सार्वजनिक



आगामी भाद्र २९ गतेबाट प्रदर्शनको तयारीमा रहेको सिनेमा ‘एक भगवत् गीता’को ट्रेलर सार्वजनिक गरिएको छ।

शुक्रबार राजधानीमा आयोजित एक कार्यक्रमका बीच सार्वजनिक सिनेमाको २ मिनेट ५१ सेकेण्ड लामो ट्रेलर मर्मस्पर्शी र सशक्त लाग्छ।

अल्पसंख्यक लैंगिक समुदाय र मधेशको कथावस्तुमा निर्माण भएको सिनेमाले विभेद, समानता र न्यायको सन्देश दिने प्रयास गरेको छ।

विपिनले कमलामाई अवतारमार्फत लैंगिक अल्पसंख्यक समुदायको कथावस्तुमार्फत सशक्तीकरणको सन्देश दिन खोजेका छन्। समग्रमा बदलाको कथामा आधारित सिनेमा जस्तो ट्रेलरबाट बुझ्न सकिन्छ।

पारालैंगिक चरित्रमा देखिएका विपिनले पितृसत्तात्मक सोच पाल्ने पात्रविरुद्ध विद्रोह गरेको देख्न सकिन्छ। सुहाना थापा र धीरज मगरको प्रेम सम्बन्ध र रोमान्सलाई समेत सिनेमाको सार्वजनिक ट्रेलरमा चित्रण गरिएको छ।

विपिन र सुहानाको मित्रता पनि यसमा समावेश छ। जनकपुरको सेटिङमा खिचिएको सिनेमामा अनुरागमान सिंह कुँवर, कविर खड्का र संजोग रसाईली खलपात्रको चरित्रमा देखिएका छन्।

अन्तरजातीय प्रेमकथामा आधारित रहेको सिनेमामा विपिन कार्की, धिरज मगर, सुहाना थापा, कबीर खड्का, जेविस र जेविन श्रेष्ठ, संजोग रसाइली, मुकेश झा, अनुराग कुँवर, राम कैलाश ठाकुर, धिरज ठाकुरको पनि अभिनय छ।सुनिल कुमार थापाको निर्माण रहेको सिनेमाको कन्सेप्ट अभिनेत्री सुहाना थापा र कथा निर्देशक झरना थापाको हो।

झरनासँगै सरिन पोखरेल, परिक्षेद सेन, पुरुषोत्तम ढंगेल र कृष्णको पटकथा रहेको सिनेमामा परिक्षेद र पुरुषोत्तमले संवाद लेखेका छन्। सुहाना इन्टरटेनमेन्ट र सुनिल कुमार थापा प्रोडक्सनको ब्यानरमा निर्माण भएको सिनेमामा राजेश श्रेष्ठको छायांकन, मित्र डि गुरुङको सम्पादन, हिमाल केसीको द्वन्द्व, कविराज गहतराजको कोरियोग्राफी तथा शैलेश श्रेष्ठको ब्याकग्राउण्ड स्कोर, हर्कुलस बस्नेत, आशिष अविरल, प्रवेश मल्लिक र बाबुल गिरीको संगीत तथा शंकर अधिकारी घायलको शब्द रचना रहेको छ। -एजेन्सी



# बर्दिबास साकोसको १२ औं साधारणसभा: जिल्लाकै उत्कृष्ट सहकारी




**खबर दर्पण समाचारदाता**

**भदौं १५ गते, बर्दिवास**

बर्दिबास बचत तथा ऋण सहकारी संस्था लिमिटेड (साकोस) महोत्तरी जिल्लाकै उत्कृष्ट सहकारीमा दरिएको छ। संस्थाको १२ औं वार्षिक साधारणसभामा आज शुक्रबार वित्तीय क्षेत्रका संघ संस्थाका प्रतिनिधिले यस्तो बताएका हुन्।

बर्दिबास-४ माइस्थानमा आज सम्पन्न संस्थाको १२ औं साधारणसभामा राष्ट्रिय सहकारी बैंक बर्दिबास शाखाका प्रबन्धक राजेश थापाले बर्दिबास साकोसलाई उत्कृष्ट सहकारी पुरस्कार प्राप्त भएको उल्लेख गर्नुभयो । कार्यक्रममा बर्दिबास उद्योग वाणिज्य संघका अध्यक्ष विष्णु खड्कासहितका अन्य वित्तीय संस्थाका प्रतिनिधिले पनि बर्दिबास साकोसले अनुकरणीय काम गरिरहेको बताउनुभयो ।

विक्रम सम्वत् २०६७ सालमा ८८ जना सेयर सदस्यले सुरु गरेका यो सहकारीमा हाल तीन हजार २९४ सेयर सदस्य छन् । जसमा महिलाको सङ्ख्या एक हजार ४११ छ । संस्थामा हाल ६१६ ऋणि सदस्य छन् । जसमा महिलाको सङ्ख्या २६६ रहेको साधारणसभामा प्रस्तुत प्रतिवेदनमा उल्लेख छ ।

बर्दिबासमा आफ्नै पक्की कार्यालय भवन रहेको यो संस्थाको खयरमारा र हाथीलेटको बेङ्गाडी बजारमा सेवाकेन्द्र सञ्चालित छन् । वर्षभरिमा बिभिन्न चाडपर्वमा नौ दिनमात्र बन्द रहने संस्थाको कार्यालय १३ जना कर्मचारीले सञ्चालन गर्दै आएका छन् ।

स्थिरीकरण कोष, राष्ट्रिय सहकारी बैंक लि., बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड, जिल्ला बचत तथा ऋण सहकारी संघ लि.महोत्तरी, जिल्ला सहकारी संघ लि. महोत्तरी र नेफ्स्कुन म्यानेजर्स क्लवसहितका संस्थामा बर्दिबास साकोसको आबद्धता छ । संस्थाले रक्तदान, छात्रवृति, जेष्ठ नागरिक सम्मान र बिभिन्न सामाजिक क्षेत्रका काममा योगदान दिदै आएको सचिब भवनाथ खतिवडाको भनाइ छ ।

संस्थाले १२ औं साधारणसभामा प्रस्तुत गरेको आर्थिक वर्ष २०७९/०८० को वित्तीय विवरणमा सदस्यहरुको सेयर रकम दुई करोड ३६ लाख ९१ हजार ९०० रहेको उल्लेख छ । यसैगरी बचत रकम १२ करोड ४९ लाख पाँच हजार ३१२, लगानीमा रहीरहेको ऋण १४ करोड ६८ लाख एक हजार ७७० र ऋण दायित्व एक करोड ३७ लाख ५० हजार रहेको उल्लेख छ । संस्थाले गत आवको खुद नाफा २६ लाख १५ हजार ४५९ रहेको जनाएको छ ।साधारणसभामा संस्थाले सामुदायिक विद्यालयमा कक्षा ११/१२ अध्यचार जना छात्रछात्रालाई एक वर्षको शैक्षिक शुल्क प्रदान गर्नसँगै उत्कृष्ट ऋणि, बचतकर्ता , कर्मचारी र ७० वर्ष उमेर नाघेका सदस्यलाई पुरस्कृत र सम्मानित गरेको छ ।

संस्थाको १२ औं साधारणसभा बर्दिबासका नगरप्रमुख प्रल्हादकुमार क्षत्रीको प्रमुख आतिथ्य तथा संस्थाका अध्यक्ष शङ्कर श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको हो ।---

**अदालती सूचना**

न्यायालय में,
सब जज साहब “षष्ठम”,
सीतामढ़ी।
हकियत वाद संख्या :-226/2021

**लालबाबू बैठा वो०.......................................................वादीगण**

**बनाम**

**इदरीश बैठा वो० ..................................................प्रतिवादीगण**

सूचना बनाम (१) इदरीश बैठा (२) कुद्दुस बैठा (३) शकूर बैठा (४) छोटन बैठा (५) बसीर बैठा, सभी के पिता ( स्व० झपसी बैठा, सभी साकिन बिजलपुरा, वार्ड नम्बर ( ०२,चक्की टोला, थाना गौशाला, जिला महोत्तरी (नेपाल) एवं (६) हसीना खातुन पिता स्व० झपसी बैठा, पति ( बदरुद्दीन बैठा, साकिन हरलाखी, थाना ( मलंगवा, जिला ( सर्लाही (नेपाल) ।

उपर्युक्त वाद में आप लोगों को प्रतिवादी बनाया गया है तथा आप लोगों के विरुद्ध न्यायालय से सम्मन वो निबंधित कार्ड भेजा जा चुका है, वावजूद इसके आपलोग न्यायालय में उपस्थित नहीं हुए, इस अदालती सूचना के जरिये आपलोगों को आगाह किया जाता है कि आपलोग वाद में निर्धारित तिथि दिनांक २६।०९।२०२३ को १०:३० बजे सुबह में स्वयं या अपने अधिवक्ता के माध्यम से उपस्थित होकर अपना पक्ष रखें, अन्यथा आपके विरुद्ध एकपक्षीय सुनवाई हेतु तिथि निर्धारित कर दिया जाएगा।

इसे आवश्यक समझें।

**सबजज "षष्ठम"**
**व्यवहार न्यायालय, सीतामढी**

# सम्सी गाउँपालिकामा तालाबन्दी



**खबर दर्पण समाचारदाता**

**भदौं १५ गते, महोत्तरी**

सम्सी गाउँपालिकामा तालाबन्दी गरिएको छ।

सम्सी गाउँपालिका वार्ड नंबर-६ नूरनगर टोलका जनताहरुले आज गाउँपालिकाको कार्यालयमा ताल्चा लगाए हुन् ।

नूरनगर टोलका जनताहरुले विधुतको भोल्टेज नभएको हुँदा नयाँ बढी पावरको ट्रांसफार्मर को माग गर्दै ताल्चा लगाएका हुन् । उनिहरुले गर्मीको कारण भोल्टेज नहुँदा बत्ती पनि मधुरो बल्नुको साथै पंखा पनि विस्तारै चल्ने भएको हुँदा निकै समस्या झेल्नु परेको स्थानीय मोहम्मद जफरले बताए ।

पटक पटक नयाँ ट्रांसफार्मरको लागि माग गरेपनि कुनै सुनवाइ नगरेको हुँदा गाउँपालिका कार्यालयमा ताल्चा लगाउन बाध्य भएको जफरले बताए ।

स्थानीयले गाउँपालिका अध्यक्ष राम नाथ यादव र प्रमुख प्रशासकीय अधिकृत गणेश चन्द्र मिश्र पालिकामा कहिले काँही मात्र आउने धेरै जसो समय जनकपुर धाम मै बस्ने गरेको आरोप लगाएका छन् ।

उनिहरुले समाजिक संजाल फेसबुक मै एक स्टाटस लेखेर गाउँपालिका अध्यक्ष रामनाथ यादवलाई बसाइसराइ गरेर आउने चुनाव उतै बाट लड्नु भनेर कटाक्ष समेत गरेका छन् ।

## मोटरसाइकल हरायो

धनुषा मि.न.पा.१ (साविक ढल्केवर ८) बस्ने धनपती साहको नाममा दर्ता रहेको म.प्रदेश ०२००६ प ०७७१ नम्बरको टि.भि.एस. मोटरसाईकल यही मिति २०८० भाद्र १० गते विहान करिब २ र ३ बजेको विचमा आफनै घरको ब्रण्डाबाट चोरी भएको छ। उक्त मोटरसाईकल फेला पार्नुहुने महानुभावले निजको मो.९८१३५९५७७५ मा जनकारी गराईदिनुहुन अनुरोध छ ।


## आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

**हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौं ।**

**लक्षणहरु**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



**रोकथामका उपायहरु**

**भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौं।**

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

**भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।**

**औरही नगरपालिका**
**महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव ‘यदुवंशी’ (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा